कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः २०७८/०७९

मितिः २०७८/०६/०१

## संविधान दिवस मनाउने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, कार्यालयको च.नं. १२३ मिति २०७८/०५/२७ को पत्रानुसार २०७८ सालको संविधान दिवस भव्यताका साथ मनाउने सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७८/०५/१७ गते बसेको संविधान दिवस मूल समारोह समितिको बैठकबाट मिति २०७८ असोज २, ३ र ४ गते कर्णाली प्रदेशका सबै जिल्लामा निर्धारित स्वास्थ्य सुरक्षा मापदण्डको परिपालना गरी तपशिल बमोजिमका कार्यक्रम आयोजना गरी मनाउने निर्णय भएको हुँदा सोही अनुसार संविधान दिवस मनाउनु हुन सम्बन्धीत सबैमा जानकारी एवम् अनुरोध छ ।

तपशिलः

१. प्रदेश सरकार अन्तर्गत सबै सरकारी कार्यालय तथा सार्वजनीक निकायहरुले राष्ट्रिय झण्डा एवम् दिवस-केन्द्रित व्यानर सजाई कार्यालय र परिसरको सरसफाई गर्ने ।

२. प्रदेशबासी आम नागरिकहरुलाई आ-आफ्ना घरटोल र महत्वपूर्ण सार्वजनिक स्थलहरुको सरसफाई गर्न र साँझ कार्यालय, मण्डला, दरबार स्क्वायर जस्ता धार्मिक तथा साँस्कृतिक स्थलहरु र घर-घरमा दीप प्रज्ज्वलन तथा दीपावली गर्न आव्हान गर्ने ।

३. प्रदेश सरकारको सान्दर्भिक र उपयुक्त ठहर्‍याएका दिवस-केन्द्रित अन्य रचनात्मक, सिर्जनात्मक तथा सन्देशमूलक कार्यक्रमहरुको आयोजना तथा सञ्चालन गरी छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट प्रकाशन/प्रसारण गर्ने व्यवस्था मिलाउने ।

४. नेपालको संविधान, २०७२ को महत्वका विषयमा केन्द्रित रही विशेष सम्वाद, परिसम्वाद लगायतका कार्यक्रमहरुको आयोजना तथा प्रसारण गर्ने व्यवस्था मिलाउने ।

.........................

तुल बहादुर खड्का

(कानून अधिकृत)